# प्रेस-विज्ञप्ती

नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनवाट प्रवाह गरिएको सेवा सुविधाका सम्वन्धमा सर्वसाधारण समेतवाट गुनासो आइरहेको सम्वन्धमा आज यस नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको कार्यकक्षमा नगर उपप्रमुख श्री ज्ञानमायाँ डंगोल ज्यू समेतको उपस्थितिमा ट्राफिक प्रहरी र स्थानीय यातायात व्यवसायीहरु सँग छलफल भयो ।

कार्यलय समयमा सवारी साधनको क्षमता वढाउन धापासी र ग्रिनल्याण्डमा थप छ (६)/छ (६) वटा गाडी तत्काल थप्ने, टोखा तथा वानियाटार क्षेत्रमा आगामी १५ दिन भित्र यातायातका साधन थप गरी यात्रुलाई सहज सेवा सुविधा उपलब्ध गराउने प्रतिवद्धता यातायत व्यवसायीहरुले गर्नु भएको छ । साथै यात्रुको चाप वढीहुने स्टेसनहरुमा यात्रु चढाउदा लाईनमा लगाएर क्रमै संग चढाउने कार्यको पहल यातायात व्यवसायीहरुले गर्ने र नगर क्षेत्रका विभिन्न स्थानमा सचेतनामुलक होर्डिङ वोर्ड राख्न नगरपालिका र ट्राफिक प्रहरी विच सहकार्य गर्ने समेत निर्णय भएको छ ।

यातायात व्यवसायीहरुले विद्यमान सार्वजनीक यातायात सेवाको गुणस्तरमा सुधार गर्ने प्रतिवद्धता जनाउनु भएको छ । सो कार्यमा नगरपालिका, ट्राफिक प्रहरी र यातायात व्यवसायी विच सहकार्य भई सर्वसाधारण नागरिकले सुधारिएको सार्वजनिक सेवा प्राप्त गर्ने विश्वास यस नगरपालिकाले लिएको छ । साथै सो कार्यमा नगरवासीहरुवाट सकारात्मक सहयोगको लागि अनुरोध गरीन्छ ।

16/02/075

मिति: २०७५।०२।१६

(वच्चु राज वस्याल)
प्रवक्ता
टोखा नगर कार्यपालिकाको कार्यालय